Ctevtsolution.com
www.ctevtsolution.com

# लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्रअनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहका पदको
द्वितीय चरणको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/३/१४

समय: २ घण्टा ३० मिनेट　　　　　　　　　　　　　　　　　पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन
(Contemporary Studies and Public Service Management)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

## खण्ड (Section) – A　　　　　　　　　　अंक – ३५

१. नेपालको भौगोलिक अवस्थितिले यहाँको आर्थिक विकासमा पारेका प्रभावहरू उल्लेख गर्नुहोस्। ५
Mention the impacts of Nepal's geographical location on its economic development.

२. नेपालमा वन सम्पदाको विद्यमान अवस्था उल्लेख गर्नुहोस्। वन संरक्षणका प्रमुख उपायहरू सुझाउनुहोस्। ३+२=५
Mention the current status of forest resources in Nepal. Suggest major measures for forest conservation.

३. नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिकाबारे चर्चा गर्नुहोस्।
Discuss the role of the private sector in Nepal's economic development.

४. नेपालको चालू आवधिक योजनाको संक्षिप्त परिचय दिनुहोस्। यस योजनाको सोंच तथा प्रमुख उद्देश्यहरू उल्लेख गर्नुहोस्। २+१+२=५
Give a brief introduction to the current periodic plan of Nepal. Mention the vision and main objectives of this plan.

५. नेपालमा तीव्र सहरीकरणबाट सिर्जित समस्याहरूबारे चर्चा गर्नुहोस्। ५
Discuss the problems created by rapid urbanization in Nepal.

६. नेपालको विकासमा पर्यटन उद्योगको महत्त्वबारे चर्चा गर्नुहोस्। नेपालमा पर्यटन उद्योगको विकासमा देखिएका समस्याहरू उल्लेख गर्दै ती समस्या समाधानका उपायहरू सुझाउनुहोस्। ३+३+४=१०
Discuss the importance of the tourism industry in the development of Nepal. Mention the problems seen in the development of the tourism industry in Nepal and suggest measures to solve these problems.

## खण्ड (Section) – B　　　　　　　　　　अंक – ३५

७. नेपालको संविधानमा उल्लेख भएको शिक्षा सम्बन्धी हकको बारेमा लेख्नुहोस्।
Write about the Right to Education mentioned in the constitution of Nepal.

८. नेपालको वर्तमान संविधान अनुसार प्रत्येक नागरिकहरूले पालना गर्नुपर्ने कर्तव्यहरू के-के हुन्? व्याख्या गर्नुहोस्।
According to the present constitution of Nepal, what are the duties that every citizen has to fulfill? Elaborate them.

९. कानूनी राज्यको अवधारणा स्पष्ट पार्दै यसका आधारभूत शर्तहरूबारे लेख्नुहोस्। २+३=५
Clarifying the concept of "Rule of Law", write about its basic requirements.

क्रमश:

www.ctevtsolution.com

www.ctevtsolution.com



Ctevtsolution.com

१०. सूचनाको हक भन्नाले के बुझिन्छ? सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको भूमिका तथा दायित्वहरू लेख्नुहोस्। १+४=५
What is meant by the Right to Information? Write down the roles and responsibilities of public entities in the implementation of the Right to Information.

११. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि निजामती कर्मचारीको भूमिका उल्लेख गर्नुहोस्। ५
Mention the role of civil servants in promoting integrity and controlling corruption.

१२. शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त भन्नाले के बुझिन्छ? नेपालको संविधानमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका बिचको अन्तरसम्बन्धलाई यस सिद्धान्तको आधारमा विश्लेषण गर्नुहोस्। ४+६=१०
What is meant by the principle of checks and balances? Analyze the interrelationship among Executive, Judiciary and Legislative in the Constitution of Nepal based on this principle.

## खण्ड (Section) – C अंक – ३०

१३. अभिलेख व्यवस्थापनको उद्देश्य स्पष्ट पार्दै अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगबाट हुने फाइदा तथा बेफाइदाहरू उल्लेख गर्नुहोस्। २+३=५
Clarifying the objectives of records management, mention the advantages and disadvantages of using information technology in records management.

१४. लेखापरीक्षण किन गरिन्छ? नेपालका सरकारी कार्यालयहरूमा गरिने आन्तरिक लेखापरीक्षणबारे संक्षेपमा उल्लेख गर्नुहोस्। २+३=५
Why is an audit done? Briefly describe the internal audit done in government offices in Nepal.

१५. सरकारी बजेट भनेको के हो? बजेट चक्रका प्रमुख चरणहरू उल्लेख गर्नुहोस्। २+३=५
What is government budget? Mention key steps of the budget-cycle.

१६. निजामती सेवामा "जनशक्ति योजना" को महत्त्व स्पष्ट पार्नुहोस्। ५
Clarify the importance of "Human Resource Planning" in Civil Service.

१७. सार्वजनिक सेवा प्रवाहका माध्यमहरू उल्लेख गर्नुहोस्। सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायक र सेवाग्राहीको भूमिकाबारे चर्चा गर्नुहोस्। ४+३+३=१०
Mention the means of public service delivery. Discuss about the roles of service providers and service recipients in public service delivery.

«««समाप्त»»»

Ctevtsolution.com

www.ctevtsolution.com